# प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४

(मिति २०७६ साल जेठ मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

# प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४

नेपाल राजपत्रमा प्रकाशित मिति
२०३४।४।२४

संशोधन

| | | |
|---|---|---|
| १. | प्राइभेट फर्म रजिष्ट्रेशन (पहिलो संशोधन) नियमावली, २०३९ | २०३९।१।६ |
| २. | प्राइभेट फर्म रजिष्ट्रेशन (दोस्रो संशोधन) नियमावली, २०६० | २०६०।११।२५ |
| ३. | प्राइभेट फर्म रजिष्ट्रेशन (तेस्रो संशोधन) नियमावली, २०६१ | २०६१।४।२५ |
| ४. | प्राइभेट फर्म रजिष्ट्रेशन (चोथौ संशोधन) नियमावली, २०६३ | २०६३।६।२३ |
| ५. | प्राइभेट फर्म रजिष्ट्रेशन (पाचौ संशोधन) नियमावली, २०६४ | २०६४।१०।२७ |
| ६. | प्राइभेट फर्म रजिष्ट्रेशन (छैठौ संशोधन) नियमावली, २०६५ | २०६५।६।४ |
| ७. | प्राइभेट फर्म रजिष्ट्रेशन (सातौ संशोधन) नियमावली, २०६६ | २०६६।५।१५ |
| ८. | प्राइभेट फर्म रजिष्ट्रेशन (आठौ संशोधन) नियमावली, २०६८ | २०६८।८।५ |
| ९. | प्राइभेट फर्म रजिष्ट्रेशन (नवौं संशोधन) नियमावली, २०७० | २०७०।५।१७ |
| १०. | प्राइभेट फर्म रजिष्ट्रेशन (दशौं संशोधन) नियमावली, २०७३ | २०७३।६।१० |
| ११. | प्राइभेट फर्म रजिष्ट्रेशन (एघारौं संशोधन) नियमावली, २०७४ | २०७५।११।०६ |

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो नियमहरुको “प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा “ऐन” भन्नाले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ सम्झनु पर्छ ।

३. फर्म रजिष्टर गराउन दरखास्त दिनु पर्ने : प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले रजिष्टर गराउनु पर्ने फर्म वाणिज्य सम्बन्धी भए नेपाल सरकार, वाणिज्य विभागमा र उद्योग सम्बन्धी भए त्यसको वर्गीकरण अनुसार नेपाल सरकार, उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागमा ✂एकसय रुपैयाँ दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

◆४. रजिष्ट्रेशन दस्तुर : देहायको पूँजी भएको प्राइभेट फर्म रेजिष्ट्रेशन गर्दा देहाय बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्नेछ :-

(क) एकलाख रुपैयाँसम्म — एक हजार रुपैयाँ ।

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।
◆ नवौं संशोधनद्वारा संशोधित ।

| | | |
|---|---|---|
| (ख) | एकलाख रुपैयाँ भन्दा बढी तीनलाख रुपैयाँसम्म | तीन हजार रुपैयाँ । |
| (ग) | तीनलाख रुपैयाँ भन्दा बढी पाँचलाख रुपैयाँसम्म | छ हजार रुपैयाँ । |
| (घ) | पाँचलाख रुपैयाँ भन्दा बढी बीसलाख रुपैयाँसम्म | बाह्रहजार रुपैयाँ । |
| (ङ) | बीसलाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्म | बीसहजार रुपैयाँ । |
| (च) | एककरोड रुपैयाँभन्दा बढी पाँचकरोड रुपैयाँसम्म | तीसहजार रुपैयाँ । |
| (छ) | पाँच करोड रुपैयाँभन्दा बढी जतिसुकै भएपनि | पचासहजार रुपैयाँ । |

[Π]तर महिला,दलित समुदाय र विपन्न वर्गका व्यतिलाई एक करोड रुपैंयासम्म पूँजी भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्न एकसय रुपैंया दस्तुर लाग्नेछ र एक करोड रुपैंयाभन्दा बढी पाँच करोड रुपैंयासम्म पूँजी भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्न यस नियम बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ ।

५. <u>दरखास्तसाथ नागरिकता प्रमाणपत्र र अन्य कागजात पेश गर्नु पर्ने</u> : प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले आफ्नो फर्म रजिष्टर गराउन दरखास्त दिदा नेपाली नागारिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सम्बन्धित विभागले तोकेको अन्य कागजातहरु पेश गर्नु पर्नेछ ।

[Π] तर दलित समुदाय र विपन्न वर्गको हकमा नेपाल सरकारको सम्बन्धित निकायबाट जारी गरिएको दलित समुदाय वा विपन्न वर्ग पहिचान हुने प्रमाणपत्रको प्रतिलिपि समेत पेश गरेको हुनुपर्नेछ ।

६. <u>रजिष्ट्रेशन गर्ने</u> : (१) नियम ३ बमोजिम दरखास्त परेपछि सम्बन्धित विभागले प्राइभेट फर्म खोल्न दिन मनासिब देखेमा विभागमा रहेको रजिष्टर किताबमा सो फर्म रजिष्टर गरी वाणिज्य विभागले भए अनुसूची-२ बमोजिमको र उद्योग

---

[Π] एघारौं संशोधनद्वारा थप गरिएको

विभागले भए अनुसूची-३ बमोजिमको र घरेलु तथा साना उद्योग विभागले भए अनुसूची-४ बमोजिमको प्रमाणपत्र दिनेछ ।

(२) फर्म रजिष्ट्रेशन गर्ने सम्बन्धित विभागले तोकिदिएको हदसम्म पूँजी भएको फर्मलाई रजिष्टर गर्न सक्ने अधिकार कुनै कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

ॐ(३) सम्बन्धित विभागले फर्मको उद्देश्य र कारोबारका आधारमा प्राइभेट फर्म सम्बन्धी आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

⊃७. प्राइभेट फर्मको अवधि र नवीकरण : (१) रजिष्ट्रेशन भएको प्राइभेट फर्मको अवधि ♉पाँच वर्षको हुनेछ ।

◆(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखत बहाल रहेको प्राइभेट फर्मको अवधि त्यस्तो प्राइभेट फर्म रजिष्ट्रेशन वा नवीकरण सम्बन्धी प्रमाणपत्रमा उल्लेख भएको अवधिसम्म कायम रहनेछ र सो अवधि भुक्तान भएपछि नवीकरण गर्दा दुई वर्षका लागि गरिनेछ ।

◆(३) प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको धनीले उपनियम (१) वा (२) बमोजिमको अवधि समाप्त भएको मितिले ३५ दिनभित्र प्राइभेट फर्म नवीकरण गराउनको लागि देहायका कागजात संलग्न गरी सम्बन्धित कार्यालयमा दरखास्त दिनु पर्नेछ :-

(क) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा, र

(ग) पचासलाख रुपैयाँ वा सो भन्दा बढी पूँजी भएको प्राईभेट फर्मको हकमा लेखापरीक्षण सम्बन्धी प्रतिवेदन ।

स्पष्टीकरण : यस नियमावलीको प्रयोजनको लागि "सम्बन्धित कार्यालय" भन्नाले वाणिज्य व्यवसायको लागि काठमाडौं उपत्यकाको हकमा सम्बन्धित विभाग र अन्यत्रको हकमा वाणिज्य कार्यालय भएको जिल्लामा सोही कार्यालय तथा त्यस्तो कार्यालय नभएको जिल्लामा सम्बन्धित विभागले तोकिदिएको कार्यालय र उद्योग व्यवसायको लागि सम्बन्धित विभाग र घरेलु तथा साना उद्योग कार्यालय भएको जिल्लामा सोही कार्यालय तथा त्यस्तो कार्यालय नभएको जिल्लामा सम्बन्धित विभागले तोकिदिएको कार्यालयलाई जनाउँछ ।

---

ॐ नवौं संशोधनद्वारा थप ।
⊃ पाँचौ संशोधनद्वारा संशोधित ।
♉ आठौं संशोधनद्वारा संशोधित ।
◆ नवौं संशोधनद्वारा संशोधित ।

◆(४) उपनियम (३) बमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित कार्यालयले देहायको पूँजी भएको प्राइभेट फर्मको लागि देहाय बमोजिमको दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछ :-

| | | |
|---|---|---|
| (क) | एकलाख रुपैयाँसम्म | छसय रुपैयाँ |
| (ख) | एकलाख रुपैयाँभन्दा बढी तीनलाख रुपैयाँसम्म | एकहजार रुपैयाँ |
| (ग) | तीनलाख रुपैयाँभन्दा बढी पाँचलाख रुपैयाँसम्म | एकहजार छसय रुपैयाँ |
| (घ) | पाँचलाख रुपैयाँभन्दा बढी बीसलाख रुपैयाँसम्म | तीनहजार रुपैयाँ |
| (ङ) | बीसलाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | पाँचहजार रुपैयाँ |
| (च) | एककरोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | आठहजार रुपैयाँ |
| (छ) | पाँच करोड रुपैयाँ भन्दा बढी जतिसुकै भए पनि | पन्ध्रहजार रुपैयाँ |

◆(५) उपनियम (३) बमोजिमको अवधिभित्र प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन नसकेको मनासिव कारण देखाई सो अवधि समाप्त भएको मितिले एक वर्ष भित्र नवीकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिव देखिएमा सम्बन्धित कार्यालयले देहाय बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछः-

(क) प्राइभेट फर्मको अवधि समाप्त भएको छत्तीसौं दिन देखि तीन महिनासम्मको लागि उपनियम (४) बमोजिमको दस्तुरको दोब्बर दस्तुर,

(ख) खण्ड (क) मा उल्लिखित अवधि समाप्त भएको दिनदेखि एक वर्षसम्मको लागि उपनियम (४) बमोजिमको दस्तुरको तेब्बर दस्तुर ।

(६) उपनियम (५) बमोजिम म्यादभित्र पनि कुनै प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो प्राइभेट फर्म खारेज गर्ने सम्बन्धमा सम्बन्धित विभागले ऐनको दफा ७ख. बमोजिम आवश्यक कारबाही गर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

◆८. विवरण हेरफेर सम्बन्धी सूचना : (१) कुनै प्राइभेट फर्मको धनीले आफ्नो प्राइभेट फर्म रजिष्टर गराउँदा दिएको विवरणमा हेरफेर गर्न चाहेमा हेरफेर गर्नु पर्ने विवरणहरु खुलाई सोको लिखित सूचना सम्बन्धित कार्यालयमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिखित सूचना प्राप्त भएमा सो सम्बन्धमा जाँचबुझ गरी मनासिब देखिएमा सम्बन्धित कार्यलयले त्यस्तो विवरण हेरफेर गर्न स्वीकृति दिनेछ र आफूसँग रहेको त्यस्तो प्राइभेट फर्म सम्बन्धी विवरण संशोधन गर्नेछ ।

(३) उपनियम (२) बमोजिम विवरण संशोधन गरेमा सम्बन्धित कार्यालयले सोको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई समेत दिनु पर्नेछ ।

९. प्रमाणपत्र लिन सकिने : (१) नियम ६ बमोजिम प्रदान गरिएको रजिष्ट्रेशनको प्रमाण-पत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा वाणिज्य सम्बन्धी भए नेपाल सरकार, वाणिज्य विभाग र उद्योग सम्बन्धी भए नेपाल सरकार, उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागमा प्राइभेट फर्मका धनीले निवेदन दिनु पर्नेछ ।

◆(२) उपनियम (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिब देखेमा सम्बन्धित विभागले तीन सय रुपैयाँ दस्तुर लिई निवेदकलाई रजिष्ट्रेशनको प्रमाणपत्रको प्रतिलिपी दिनेछ ।

ॐ९क. खारेज गर्दा दस्तुर तथा जरिवाना असूल गर्ने : प्राइभेट फर्म खारेज गरी पाउँ भनी कुनै प्राइभेट फर्मको धनीले मुनासिब कारण दर्शाई विभागमा निवेदन दिएमा सम्बन्धित विभागले निजलाई अघिल्लो आर्थिक वर्षसम्मको कर तिरेको प्रमाण पेश गर्न लगाई त्यस्तो प्राइभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको यस नियमावली बमोजिम लाग्ने नवीकरण दस्तुर तथा जरिवाना समेत निजबाट असूल गरी प्राइभेट फर्म खारेज गर्नुपर्नेछ ।

➲१०. नवीकरण सम्बन्धी विशेष व्यवस्था : ❍(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखत प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले नवीकरण गराउन नसकेको मनासिब कारण खुलाई संवत् २०७४ साल असार मसान्तसम्म नवीकरण गराउनको लागि दरखास्त दिएमा र त्यस्तो दरखास्त जाँचबुझ गर्दा कारण

---

◆ नवौं संशोधनद्वारा संशोधित ।
◆ नवौं संशोधनद्वारा संशोधित ।
ॐ नवौं संशोधनद्वारा थप ।
➲ पाँचौ संशोधनद्वारा संशोधित ।
❍ दशौं संशोधनद्वारा संशोधित ।



कानून किताब व्यवस्था समिति

मनासिब देखिएमा सम्बन्धित कार्यालयले नियम ७ को उपनियम (४) बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको तेब्बर दस्तुर र नवीकरण गराउन नसकेको बीस लाखसम्म पूँजी भएको प्राइभेट फर्मको हकमा त्यस्ता प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि दुई हजार पाँचसय रूपैयाँका दरले र बीस लाख भन्दा बढी पूँजी भएको प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि पाँच हजार रूपैयाँका दरले जरिबाना लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र पनि कुनै प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो प्राइभेट फर्म खारेज गर्ने सम्बन्धमा सम्बन्धित विभागले ऐनको दफा ७ख. बमोजिम आवश्यक कारबाही गर्नेछ ।

ஃ१०क. <u>साइनबोर्ड र मूल्य सूची राख्नुपर्ने</u> : प्राइभेट फर्म दर्ता भएपछि त्यस्तो प्राइभेट फर्मको धनीले आफ्नो फर्मको नाम, ठेगाना, दर्ता नं. र मिति प्रष्ट रुपमा उल्लेख भएको साइनबोर्ड र आफूले कारोबार गर्ने वस्तु वा सेवाको प्रचलित कानून बमोजिमको मूल्य सूची कारोबार स्थलमा राख्नु पर्नेछ ।

११ <u>खारेजी</u> : प्राइभेट फर्म रजिष्ट्रेशन दस्तूर (संशोधन र एकीकरण) नियमहरु, २०१८ खारेज गरिएको छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

ஃ नवौं संशोधनद्वारा थप ।

<u>द्रष्टव्य</u> :

(१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु: "श्री ५को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) दोस्रो संशोधनद्वारा रुपान्तर भएका शब्दहरु :

(क) "घरेलु तथा ग्रामीण विभाग" को सट्टा "घरेलु तथा साना उद्योग विमाग" ।

(ख) "निर्देशक" र "निर्देशक तथा नियन्त्रक" को सट्टा "महानिर्देशक" ।

(ग) "उद्योग तथा वाणिज्य मन्त्रालय" को सट्टा "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय" ।

अनुसूची - १

(नियम ३ सँग सम्बन्धित)

श्री महानिर्देशक,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग वाणिज्य विभाग,

महोदय,

तल लेखिए बमोजिम उद्योग व्यापार व्यवसाय गर्न निम्न लिखित नामको प्राइभेट फर्म मेरो/ हाम्रो नाममा रजिष्ट्रेशन गराउन इच्छुक भएकोले यो निवेदनपत्र पेश गरेका छु/छौं । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानून बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नामः-

२. फर्मको पूरा ठेगानाः-

३. उद्देश्यः-

४. पूँजीः-

५. कारोवार गर्ने चीज तथा कामको विवरणः-

६. प्राइभेट फर्मका धनी वा साझेदारहरुको तीन पुस्ते नाम, थर, वतन र हिस्साको अंक यो फर्मको काम नोक्सानी भएमा घर घरानाबाट व्यहोर्ने राजी हुने (हुनेहरु) :-

दरखास्तवाला (दरखास्तवालाहरु) को लेखात्मक र रेखात्मक दुवै औंठाको सहिछाप

दा. वा.

साक्षी

दरखास्तवालाको माथि लेखिए बमोजिमको नाम, थर वतन ठीक दुरुस्त छ भनी सनाखत गर्ने ।

इति सम्वत २० साल गते रोज शुभम्

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची - २

(नियम ६ सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य विभाग

प्रा.फा.नं.

प्रमाण-पत्र

निम्न लेखिएको विवरण भएको ............................................ सम्वत् २० साल गते रोज मा प्राइभेट फर्म रजिष्ट्रेशन फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्ट्रर गरी यो प्रमाण-पत्र दिइएको छ ।

विवरण

धनी (प्रोप्राइटर) को नाम, थर र वतन :-

फर्मको ठेगाना:-

पूँजी रु.

महानिर्देशक

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य विभागबाट

नवीकरण (रिन्यूवल) गरिएको

| मिति | नवीकरण गरिएको अवधि | दस्तूर बुझाएको रु. को भौचर नं. मिति | दस्तखत |
|---|---|---|---|
| | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची - ३

नियम ६ सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

उद्योग विभाग

प्रा.फा नं.

प्रमाण-पत्र

........................................................ सम्वत् २० साल गते रोज मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन,२०१४ बमोजिम रजिष्टर गरी यो प्रमाण-पत्र दिइएको छ ।

धनी (प्रोप्राइटरको) नाम :-

ठेगाना :-

पूँजी :-

उद्देश्य:-

फर्मको ठेगाना:-

महानिर्देशक

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

**नवीकरण (रिन्यू) गरेको प्रमाण-पत्र**

| नवीकरण (रिन्यू) गर्ने कार्यालयको नाम | नवीकरण (रिन्यू) वहाल रहने मिति | नवीकरण (रिन्यूवल) दस्तुर भौचर नं. मिति | दस्तखत र मिति |
|---|---|---|---|
| | | | |

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची -४

(नियम ६ सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

घरेलु तथा साना उद्योग विभाग

प्रा.फा. नं.

प्रमाण-पत्र

............................................................... सम्वत् २० साल गते रोज मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाण-पत्र दिइएको छ ।

धनी (प्रोप्राइटर) को नाम:-

ठेगाना:-

फर्मको ठेगाना :-

पूँजी:-

उद्देश्य:-

अश्वशक्ति:-

मिति:-

महानिर्देशक

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

## नवीकरण गरेको प्रमाण

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण गरेको मिति | नवीकरण दस्तूर भौचर नं.र मिति | दस्तखत |
|---|---|---|---|
| | | | |

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय